‘मायाझाल’ लोकगीतिकथाको प्रस्तुति

अविलाल शाह, उपप्राध्यापक, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र CNAS
Email : abilalshah.cnas@gmail.com

लेखसार

प्रस्तुत आलेख ‘मायाझाल’ लोकगीतिकथाको सन्दर्भपरक प्रस्तुतिको अध्ययनमा केन्द्रित छ । यस लोकगीतिकथामा गाउँले परिवेशको जीवन्त प्रेमलाई केटा र केटी बिच भएको गीतिमय प्रेमालापका माध्यमबाट प्रस्तुत गरिएको छ। यस लेखमा प्रस्तुत कथाको सङ्कलन सन्दर्भलाई मुख्य विषय बनाएर अध्ययन गरिएको छ । यसका लागि लोकसाहित्यको सजीव अध्ययन गर्न विधागत पाठ र प्रस्तुतिको सन्दर्भलाई सँगै राखेर अध्ययन गर्नुपर्छ भन्ने मान्यता बोकेको सन्दर्भवादी पद्धतिलाई उपयोग तरिएको छ। सन्दर्भवादी पद्धतिका विभिन्न धारहरूमध्ये पश्चिमी लोकसाहित्यविद् डेल हाइम्सको कथनको जातित्त्व सिद्धान्तले प्रस्ताव गरेका अवधारणाका आधारमा यस लोकगीतिकथाको विश्लेषण गरिएको छ। यसमा क्षेत्रीय भ्रमण विधिका आधारमा सामग्री सङ्कलन गरिएको छ। अध्ययेता स्वयम् अध्ययनक्षेत्रमा उपस्थित भई यो सामग्रीको सङ्कलन गरिएको हो । गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको यस लेखमा विश्लेषणात्मक विधिका आधारमा अध्ययनलाई निष्कर्षमा पुर्याइएको छ । यसमा लोककथा सङ्कलनको स्थान, समय, वातावरण, सहभागी, उद्देश्य, कार्यको क्रम, सुर, सामाजिक मान्यता, कथन शैली व्याख्या गरिएको छ। यसका आधारमा विधा पहिचान पनि गरिएको छ। यस विश्लेषणका आधारमा यो लोकगीतिकथा हो भन्ने निष्कर्षमा पुगिएको छ।

शब्दकुञ्जी : कथन शैली, जीवन्त प्रेम, प्रेमालाप, सन्दर्भपरक प्रस्तुति, सुर।

Article's information : Manuscript received : 2024/09/08, Date of review : 2025/02/27, Date of manuscript acceptance 2025/04/27 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/ 10.3126/vaikharivani.v2i2.80500
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2025 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

विषयपरिचय

लोकसमाजको मौखिक परम्परामा पुस्तान्तरित जनसाधारणका रीतिथितिलाई नृत्य र कथ्य भाषाका माध्यमबाट कलात्मक ढङ्गले प्रस्तुत गरिने मौखिक साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा एउटा आख्यानात्मक विधा हो। ‘मायाझाल’ कर्णालीका जनसाधारणको माया, दुःख र सङ्घर्षको कहानीलाई समेटिएको लोककथा हो। यस कथाको कथानक केटा र केटी बिच देउडा गीतिसंवादका सहायताले अगाडि बढेकोले यसलाई लोकगीतिकथा भनिएको हो। नेपाली समाजमा मौखिक परम्परामा जीवित यस्ता मौखिक विषयहरूको सङ्कलन भए पनि अध्ययनविश्लेषणले व्यापकता पाउन सकेको छैन। लोकसामग्रीको व्यवस्थित र वैज्ञानिक अध्ययन गर्ने कार्य भने पश्चिमी मुलुकबाटै सुरू भएको पाइन्छ। लोकसाहित्यिक विधाको पूर्ण अध्ययनका लागि त्यसको मूल पाठ र प्रस्तुतिको सन्दर्भलाई सगै विश्लेषण गर्नुपर्छ भन्ने मान्यता यिनीहरूको रहेकोछ। यो मान्यतालाई आत्मसात गर्ने पद्धति भनेको सन्दर्भवादी पद्धति हो । यस पद्धतिको मूल आधार भनेको नै निश्चित परिवेशमा गरिने प्रस्तुति वा प्रदर्शन हो। यसका पनि विभिन्न धारहरूमध्ये डेल हाइम्सको कथनको जातितत्त्व सिद्धान्तले प्रस्तुतिको सन्दर्भलाई बढी महत्त्व दिएको छ। प्रस्तुति भनेको सामान्य अर्थका कुनै

कुराको प्रदर्शन वा घटना हो । प्रदर्शन वा घटनाको निश्चित परिवेश हुन्छ । परिवेशकै आधारमा प्रदर्शित विषयले सार्थकता पाउँछ । त्यसैले यस आलेखमा 'मायाझाल' लोकगीतिकथाको प्रस्तुतिको अध्ययन गरिएको छ । मौखिक रूपमै रहेको यो लोकगीतिकथाको सङ्कलन गरी लिपिबद्ध गरेर यसको सन्दर्भको व्याख्या गर्ने कार्य नभएकोले प्रस्तुत लेख औचित्यपूर्ण छ।

समस्याकथन र उद्देश्य

'मायाझाल' लोकगीतिकथाको प्रस्तोतालाई स्रोत बनाई सङ्कलन गरिएको लोकगीतिकथाको सन्दर्भपरक प्रस्तुति केकस्तो रहेको भन्ने प्रश्न नै अध्ययनको मूल समस्या हो। प्रस्तुत विषयको सन्दर्भपरक प्रस्तुतिको अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । यस अध्ययनका उद्देश्यहरू यसप्रकार निर्धारण गरिएको छ :

क) 'मायाझाल' लोकगीतिकथाको प्रस्तुति कसरी गरिएको छ ?

ख) 'मायाझाल' लोकगीतिकथाको प्रस्तुतिमा केकस्ता सामाजिक मूल्यहरू अभिव्यक्त भएका छन् ?

अध्ययनविधि

प्रस्तुत अध्ययनको समस्यासित सम्बन्धित सामग्रीको सङ्कलन मूलतः क्षेत्रीय भ्रमण विधिका आधारमा गरिएको छ। मुख्य सूचकले निश्चित परिवेशमा प्रस्तुत गरेको लोकगीतिकथाको वाचनलाई रेकर्ड गरेर ल्याइएको छ। रेकर्ड गरेर ल्याएको लोकगीतिकथालाई लिपिबद्ध गरी पाठ्यीकरण गरिएको छ। यसको पाठ स्थानीय कथ्य भाषमा भएकोले कठिन शब्दको अर्थ मानक नेपालीमा दिइएको छ जुन परिशिष्टमा राखिएको छ। कार्यसम्पादनका मुख्य विषयहरूको व्याख्या परिणाम र विमर्श भागमा प्रस्तुत गरिएको छ। यसका लागि पुस्तकालयीय अध्ययन कार्यको उपयोग गरिएको छ। यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएकोछ। प्राथमिक स्रोतको सामग्रीको रूपमा प्रस्तोताले प्रस्तुत गरेको 'मायाझाल' लोकगीतिकथा रहेको छ । द्वितीयक स्रोतको सामग्रीको रूपमा विश्लेषणको सैद्धान्तिक आधार तयार गर्दा प्रयोग गरिएका अनुसन्धानात्मक ग्रन्थ, लेख, प्रतिवेदन आदि रहेका छन्। सामग्री विश्लेषणमा मूलतः गुणात्मक अनुसन्धानात्मक ढाँचालाई उपयोग गरिएको छ । यसैअन्तर्गत रहेर निगमन पद्धतिका आधारमा सङ्कलित सामग्रीको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा निर्धारित समस्याको समाधानको लागि सन्दर्भवादी पद्धतिको उपयोग गरिएको छ । यसअन्तर्गत पश्चिमी लोकसाहित्यविद् डेल हाइम्सको कथनको जातित्त्व सिद्धान्तले प्रस्ताव गरेको अवधारणाका आधारमा विश्लेषणको ढाँचा निर्माण गरिएको छ। स्थापित सैद्धान्तिक पर्याधारको आधारमा सङ्कलित सामग्रीको विश्लेषणका लागि प्रायोगिक पद्धतिको प्रयोग गरिएको छ। यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउन वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ।

सैद्धान्तिक आधार

प्रस्तुत लेखमा सैद्धान्तिक आधारको रूपमा सन्दर्भवादी पद्धति रहेको छ। यसअन्तर्गत डेल हाइम्स (सन् १९२७—२००९) को कथनको जातित्त्व सिद्धान्तमा रहेका सन्दर्भपरक प्रस्तुतिका अवधारणाका आधारमा विश्लेषणको ढाँचा तयार पारिएको छ। हाइम्स अमेरिकी लोकवार्ताविद् हुन्। बहुआयामिक व्यक्तित्वका धनी हाइम्सलाई मानवशास्त्री, समाजशास्त्री, भाषावैज्ञानिक, संस्कृतिविद्का रूपमा पनि अध्यन गरिएको पाइन्छ । उनका यस्ता विभिन्न विषयक्षेत्रसँग सम्बन्धित एक दर्जनभन्दा बढी पुस्तक र दुई दर्जनभन्दा बढी लेखहरू प्रकाशित छन्। यी पुस्तकहरूमध्ये बढीजसो पुस्तकहरू समाज र त्यसको भाषाविश्लेषणमा केन्द्रित छन् । यसै सन्दर्भमा उनले सामाजिक जीवनमा भाषाको प्रयोग कसरी हुन्छ भन्ने कुराको व्याख्या गरेका छन्। उनले भाषा र लोकवार्ताको अध्ययन गर्दा भाषिक अभिव्यक्ति भएका साहित्यिक तथा साहित्येतर विषयमा जातीय तत्त्व र सम्बन्धित परिवेशको भूमिका महत्त्वपूर्ण हुने बताएका छन (पराजुली, २०६५, पृ. २)। उनले पछि यसलाई कथनको

पद्धति (Performance Theory) का रूपमा व्याख्या गरेका छन् । यो कथनलाई सन्दर्भका रूपमा व्याख्या गर्ने सन्दर्भवादी पद्धति हो । यो पद्धति मूलतः कार्यसम्पादन पद्धति (Performance Theory) हो । यो पद्धतिमा कुनै पनि विषयको अध्ययनका लागि अध्येताले स्वयम् क्षेत्रमा गएर मूल पाठ र त्यसको प्रस्तुति विधि तथा सामाजिक सांस्कृतिक महत्त्वको व्याख्या गर्नु पर्दछ अनि मात्र विषयको मूल स्वरूप पत्ता लाग्छ भन्ने मान्यता रहेको छ । त्यसैले यो पद्धति लोकसामग्रीको व्याख्याविश्लेषणका लागि बढी उपयोगी मानिन्छ । हाइम्सले Speaking शब्दका प्रत्येक अक्षर S.P.E.A.K.I.N.G बाट सूत्र बनाएर यो पद्धतिको व्याख्या गरेका छन् । यसमा S-Situation (परिवेश), P-Participants (सहभागीहरू), E- Ends (उद्देश्य), A-Act Sequence (कार्यको क्रम), K-Key (सुर), I-Instrumentalities (कथनशैली), N-Norms (सामाजिक मान्यता) / G-Genre (विधा_ लाई सुत्रका रूपमा व्याख्या गरेका छन् (हाइम्स, सन् १९७४, पृ. ५६—६२) । परिवेश भनेको कथ्य विषय प्रस्तुतिको स्थान, समय र वातावरण हो । सहभागीले प्रस्तुतिका क्रममा संलग्न प्रस्तोता र प्रापक वा दर्शकश्रोतालाई बुझाउछ । प्रस्तुत विषयको प्रस्तुतीकरण प्रयोजन नै उद्देश्य हो । क्रियाकलापको स्वरूप र सिलसिलालाई कार्यको क्रम भनिन्छ । प्रस्तोताको हाउभाउ, गतियति, कायिक तथा वाचिक शैली नै सुर हो । लोकसामग्रीको भाषाशैलीलाई कथन शैली भनिन्छ । यसले ग्रहण गर्ने साकाजिक मूल्यमान्यता, रीतिथिति, व्यवहार आदि सामाजिक मान्यता हुन् । उक्त कथ्य विषयले प्राप्त गरेको लोकसाहित्यशास्त्रीय स्वरूपलाई विधा भनिन्छ ।

परिणाम र विमर्श

समयको गतिशीलतासँगै विज्ञान र प्रविधिको विकास तीव्र रूपमा भएर आधुनिक मूल्यमान्यता र सुखसुविधाले सम्पन्न भइसकेको सहरीया नेपाली समाजमा 'मायाझाल' लोकगीतिकथामा उल्लेखित प्रेमकथा र दुःखकथा सुनाउँदा पत्यार नलाग्न सक्छ । यस्ता कथा पत्याउने नेपाली समाजका जनसाधारणहरू पनि छन् । वर्तमान एक्काइसौं शताब्दीमा पनि आधुनिकताले भित्र्याएका नवीन विचारधाराहरू र प्रविधिले नछोएका नेपालका कुनाकन्दरा र दूरदराजका समाज प्रशस्तै छन् । यस्ता समाजमा आङ्खना पुर्खाका चलनहरू अझै स्वतस्फूर्त चलिरहेका छन् । दिनभरिको कामको थकाइ मेटाउन र काम गर्दागर्दै समय बिताउन गीत गाउने, कथा भन्ने, प्रचलन ग्रामीण नेपाली समाजको मौलिकता हो । 'मायाझाल' लोकगीतिकथा सुन्ने र सुनाउने प्रचलन पनि यही मौलिकताको उपजको हो । विकसित देशहरूले यस्ता मौलिक लोकसम्पत्तिको संरक्षण गर्ने कार्यलाई अभियानका रूपमा लिएका छन् तर नेपाली समाजका भने एउटा प्रचलनको रूपमा संरक्षित हुँदै आएका छन् । लोककथाका घटनाहरू काल्पनिक र अतिरञ्जित हुन्छन् तर प्रस्तुत 'मायाझाल' लोकगीतिकथाका घटनालाई प्रस्तोता र श्रोताले आङ्खनै जीवनका आर्थिक अभाव र कठिन जिन्दगीका कथाका रूपमा लिएका छन् । यस लोकगीतिकथाको कथनको पद्धति (Speaking Model) का आधारमा यसरी विश्लेषण गरिन्छ :

परिवेश

लोकसामग्री प्रस्तुत गर्ने ठाउँ, समय र मानसिक तथा सांस्कृतिक अवस्थालाई परिवेश भनिन्छ । अध्येताले लोकसामग्रीको विश्लेषण गर्दा प्रथमतः सो सामग्री प्रस्तुत गर्ने भौगोलिक अवस्था कस्तो छ ? त्यसअनुसारको समय केकस्तो छ ? र प्रस्तुतिप्रति सहभागीहरूको सोचाइ कस्तो छ ? भन्ने कुराको ख्याल गर्नु पर्छ (पराजुली, २०६५, पृ. २) । जस्तैः नेपाली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये मारुनीको प्रस्तुतिमा ठाउँ औपचारिक वा अनौपचारिक कस्तो छ ? समय बिहान, दिउँसो, राति, कुन बेला हो ? वातावरण चिसो, तातो कस्तो छ ? उनीहरूको मानसिक अवस्था सङ्कोचपूर्ण वा प्रफुल्ल के छ ? आदि कुराको व्याख्या गरिन्छ । पश्चिम नेपालको पुल्ता खेल प्रस्तुत गर्दा सार्वजनिक ठाउँ, पर्वको औपचारिक परिवेश,

दिउसो वा रातिको समय, सहभागीहरूको प्रफुल्ल, मनोरञ्जक र ठट्यौली भाव भएको मानसिक अवस्थाले परिवेश र दृश्य संरचित हुन्छ । यिनै विषयसन्दर्भको व्याख्या यस साधनमा गरिन्छ ।

पश्चिम नेपालको हाल कर्णाली प्रदेशअन्तर्गत नरहरिनाथ गा.पा.मा माल्कोट गाँउमा कालु बोहोराको घर रहेको छ । २०६९ साल भाद्र २० गते बेलुका नौ बजेको छ । यो मकै पाकेर घरमा भित्र्याउने समय हो । रातको नौ बजिसकेको हुनाले बाहिर चकमन्न अँध्यारो छ । भाद्र महिनाको समय भएकाले सिमसिम पानी परिरहेको छ । नजिकैको खोला बगेको आवाज पनि सुन्निरहेको छ । घरको पि‘‘डीमा दिउसै बारीबाट ल्याएका मकैहरू थुपारिएका छन् । कालु बोहोराकी १५ वर्षीया छोरी र ११ वर्षीया छोरा भित्रपट्टि सुतिरहेका छन् । कालु बोहोरा र उनकी श्रीमती मनसरा बोहोरा, भतिजी धनकुमारी बोहोरा, छिमेकी रामबहादुर बिक र पदमबहादुर शाही टुकीको मधुरो प्रकाशका सहायताले मकै खोस्याइ रहेका छन् । अरू सबैले कालु बोहोरालाई बात हाल्न (कथा भन्न) आग्रह गरिरहेका छन् । आग्रहअनुसार कालु बोहोरा कथा भन्न सुरु गरेको छ ।

सहभागीहरू

विषय प्रस्तुतिको परिवेशमा सामेल हुने सबै मानिसहरू सहभागी हुन् । यसमा विशेष गरी प्रेषक र प्रापक पर्दछन् । जस्तैः नेपाली लोकसाहित्यका सन्दर्भमा हेर्दा पश्चिम नेपालको बैज्यालो प्रथामा प्रस्तोता वैद्य अभिनेता तथा गायकको रूपमा र अन्य मानिसहरू दर्शक तथा श्रोताका रूपमा रहेका हुन्छन् । यसमा अध्येताले सामग्रीहरूको परिचय दिंदा सम्बन्धित प्रस्तुतिमा सहभागीहरूको भूमिका, जातीय स्थिति, धर्म, उमेर, लिङ्ग, पेसा आदि वैयक्तिक पहिचान दिन आवश्यक छ (पराजुली, २०६५, पृ. ३) । यसका साथै सहभागीहरू बिच घनिष्टता छ भने उनीहरूको नातासम्बन्धको बारेमा पनि उल्लेख गर्नु पर्दछ । प्रस्तुत ‘मायाझाल’ लोकगीतिकथामा कालु बोहोरा कथावाचक वा प्रेषकका रूपमा र अन्य सहभागीहरू प्रापकका रूपमा वा श्रोताका रूपमा रहेका छन् । यी सहभागीहरूको परिचय यसप्रकार छ :

कालु बोहोरा

कालु बोहोरा अशिक्षित र गरिब किसान हुन् । हाल उनको उमेर ४५ वर्षको छ । गाँउमा युवा वर्गलाई ठट्टा गर्ने र काममा सहयोग गर्ने भएकाले उनी युवाहरूमाझ लोकप्रिय छन् । गाँलेहरूले उनलाई काल्या भनेर बोलाउने गर्दछन् । उनी गीत गाउने, कहानी भन्ने, चुट्किला भन्ने काममा पोख्त छन् । उनी त्यो समाजमा मिलनसार र सहयोगी व्यक्तिको रूपमा परिचित छन् । उनको त्यही विशेषताले छिमेकी युवाहरू उनको घरमा बस्न, गफ गर्न जान्छन् । उनी यो कथाको कथयिता हुन् । उनले कथामा रहेका केटा र केटी बिचको प्रेमकथा, केटाको मुग्लान यात्रा, केटीको मृत्यु भएको कथालाई आङ्खनै कथा हो जस्तो गरी भनिरहेको छ ।

मनसरा बोहोरा

उनी कालुकी स्वास्नी हुन् । उनको अहिलेको उमेर ४२ वर्षको छ । आङ्खनो लोग्नेसँगै खेतीपातीको काम गर्नु उसको दैनिकीजस्तै बनेको छ । कथयिताले सुनाएको कथाका नायक नायिकाको मिलन–विछोड, पुनर्मिलन–पुर्निर्वछोडको कथालाई सुनेर एकोहोरो बनेकी मनसराको अनुहार हेर्दा उनी कथाको दुःखान्तसँगै दुःखी बनेकी हुन्छिन् । यो सहभागी कथाको श्रोता वा प्रापक हो ।

धनकुमारी बोहोरा

ऊ कालुकी भतिजी हो । ऊ अहिले २१ वर्षकी पुग्न थाली । अनपढ धनकुमारीको पेसा पनि कृषि नै हो । मकै खोस्याउने काममा सहयोग गर्दै ऊ कथा सुनिरहेकी छे । उसले काका कालुले भनेको कथा चाख दिएर सुनिरहेकी छे । कथाप्रति उसको कुनै प्रतिक्रिया छैन ।

रामबहादुर बिक

रामबहादुरको घर बोरागाउभन्दा अलि पारिपट्टि छ । उनी कालुका मिल्ने साथी हुन् । उनको उमेर ४० वर्षको छ । साथी भएकोले काममा सहयोग गर्न र गफगाफ गर्न रामबहादुर कालुको घरमा गएका छन् । सानैमा पढाइ छाडेकाले अहिले उनी भैँसीपालन गरेर गाउँमा बस्तै आएका छन् । उनी यो कथाका श्रोता हुन् । उनले कथाको विषय प्रसङ्गसँग सम्बन्धित विभिन्न प्रतिप्रश्नहरू कालुलाई सोधिरहेका छन् ।

भरतबहादुर शाही

भरतबहादुर शाही कालुको नजिकको छिमेकी र साथी हुन् । ३५ वर्षीया भरतबहादुर शाहीको घर कालुको घरभन्दा एक कान्लामाथि छ । उनी स्थानीय प्राथामिक विद्यालयका शिक्षक हुन् । उनी सचेत र शिक्षित युव भएकाले मौलिक लोकसम्पत्तिको संरक्षण गर्नुपर्छ भन्ने मान्यता बोकेका व्यक्ति हुन् । उनले मेरो (अध्येता) आग्रहमा र प्रशिक्षणमा उनले कालु बोहोराले भनेको कथा प्रस्तोताले थाहा नपाउने गरी रेकर्डरमा रेकर्ड गरेको हो र अन्य दृश्यहरूको वर्णनको रेकर्ड पनि यसै रेकर्डरमा सुरक्षित राखिएको छ । उनी पनि कथा श्रोताको रूपमा त्यहा“ उपस्थित छन् । रेकर्ड गरिएका सबै आवाजलाई लेख्य भाषामा उतारिसकेपछि यस लोककथाको विश्लेषण गरिएको हो ।

उद्देश्य

कुनै कामको लक्ष्य वा अपेक्षित प्रतिफल नै उद्देश्य हो । उद्देश्यभित्र प्रस्तुत गर्न लागिएको सामग्रीको मनोरञ्जन, शिक्षा, सञ्चरण, अर्थोपार्जन, सांकृतिक संरक्षण वा सञ्चरण आदि के हो ? सोको बारेमा प्रष्ट पारिएको हुन्छ (पराजुली, २०६५, पृ. ३) । नेपाली लोकसाहित्यका विभिन्न विधाको प्रस्तुतिका आआङ्खनै उद्देश्यहरू हुन्छन् । जस्तैः सङ्गिनी गीतको उद्देश्य मनोरञ्जन दिनु हुन्छ भने मागल गायनको उद्देश्य धार्मिक अनुष्ठान हुन्छ । हुड्के नाचको उद्देश्य अर्थोपार्जन गर्नु, मनोरञ्जन दिनु, शिक्षा दिनु हुन्छ भने बैज्यालो प्रथाको उद्देश्य लोकोपचार हुन्छ । यसमा अध्येताले प्रस्तुत गरिएको लोकसामग्रीको उद्देश्य के हो ? स्पस्ट पार्नु पर्छ ।

प्रस्तुत ‘मायाझाल’ लोकगीतिकथा कथनको मुख्य उद्देश्य मनोरञ्जन दिनु नै हो । दिनभरको काम गराइको थकान मेटाउन कथयिताले कथाका घटनाको सजीवीकरण गर्दै कथा सुनाएका छन् । कथाका श्रोताहरू थकानलाई बिर्सेर कथा सुनिरहेका छन् । यसका साथै कामको सरलता पनि यसको उद्देश्य हो । कथा सुनेर सरल ढङ्गबाट मकै खोस्याउने काम भइरहेको छ । विभिन्न खालका शिक्षा दिनु पनि यसको उद्देश्य रहेको छ । यस कथाले आर्थिक अभावका कारण मुग्लान भासिएका गरिब किसानलाई आङ्खना घरका बालबच्चा र स्वास्नीको हेरविचार पनि पुऱ्याउनु पर्छ, नत्र प्रियजनको विछोडको पीडा सहनु पर्ने हुन्छ भन्ने शिक्षा दिएको छ । प्रेममा त्याग, समर्पण, अमरता र विश्वास गर्न सक्नुपर्छ भन्ने शिक्षा पनि दिएको छ ।

कार्यको क्रम

लोकसामग्री कथनको क्रमलाई कार्यको क्रम भनिन्छ । प्रस्तुत गर्न लागिएको लोकसामग्रीको सिलसिलेवार प्रस्तुति यसभित्र पर्दछ । अध्येताले प्रतुतिमा आएका विभिन्न भाग वा खण्ड, मोड वा उपमोडको क्रमिक विश्लेषण गर्दै जानु पर्दछ (पराजुली, २०६५, पृ. ३) । जस्तैः पुकार, कथाको प्रस्तुति, दोहोरी, आशीर्वचन आदि भारत प्रस्ततुतिका क्रम हुनसक्छन् । लोककथा कथनको क्रम भनेको नै कथयिताले लोककथाको कथावस्तु श्रोतालाई क्रमिक रूपमा सुनाउँदै जानु हो ।

यो लोकगीतिकथाको वाचनका क्रममा प्रस्तोता समक्ष श्रोताले कौतूहलपूर्ण भावमा कथाका घटनाहरूसँग सम्बन्धित विभिन्न जिज्ञासा राख्तै आएका छन् । यसरी राखिएका जिज्ञासाका बारेमा कथयिताले उत्तर दिइरहेका छन् । यस सन्दर्भमा वाचकले कथाका मूल घटनाहरू जस्तोः केटा र केटी बिच नदी वारिपारिबाटै माया बसेको, केटीले घरमा आङ्खनो अर्कै केटासँग विवाह गरिदिने भएको थाहा पाएको, केटीले चाँडै भेट्न आऊ भनी सन्देश पठाएको, केटो केटीलाई भेट्न नआएको

र केटीको अर्कैसँग विवाह भएको, केटाले आङ्खनो मायालुको विवाह अर्कैसँग भएको थाहा पाएको, यस कुराले मन थाम्न नसकी नैनीताल (मुग्लान) गएको, केटीले पनि केटाको यादमा पोइली घरमा भैंसीसँग कुरा गरेकी, सहन गर्न नसकी केटो गएको ठाउँ नैनीताल पुगेकी, दुवै घरबार गर्न घरतिर आएका, एक छोरो जन्मेको र गरिबीको कारणले केटो स्वास्नीलाई छोडी पुनः मुग्लान गएको, घरमा उसकी स्वास्नी बच्चा पाउन नसकी मरेकी, बाँचेको बच्चा लिएर भाइ मुग्लान पुगेको, घरको सबै घटना भनेको, स्वास्नीको मृत्युको खबरले केटो भावविह्वल भएको, आदि कथांश गीतिसंवादका माध्यमबाट सुनाउँदै गएका छन् । कथाको अन्त्यमा कथाका श्रोताले यस्ता घटनाहरू किन भए होलान् ? केटा वा केटीले यसो नगरेको भए त्यसो हुने थिएन होला भन्ने विचार व्यक्त गरेका छन् र कथाकथन टुङ्गिएको छ ।

सुर

विषयको प्रस्तुति गर्दा प्रस्तोताको अभिव्यक्तिमा देखापर्ने गतियति र भावभङ्गीमानलाई सुर भनिन्छ । कथ्य विषयको अभिव्यक्तिमा भाव र सुरको महत्त्व धेरै हुन्छ किनभने भाव र सुरबाट नै प्रेषकले प्रँपकको ध्यान आकर्षण गर्न सक्छ । लोकसाहित्यको साङ्गीतिक विषयहरू लोकविता, लोकगाथा र लोकगीतमा आवाजको उतारचढाबको महत्त्व हुन्छ भने नाटक, कथाजस्ता विषयहरूमा भावको महत्त्व हुन्छ (पराजुली, २०६५, पृ. ३) । जस्तैः लोककथा सुनाउँदा कौतूहलको भाव सिर्जना हुन्छ भने वीरगाथा गायन गर्दा सङ्गीतका साथै वीरता, साहस र विद्रोहको भाव सिर्जना हुन सक्छ । त्यसैले अध्येताले विवेच्य विषयको सुरमा पनि ध्यान दिनु पर्दछ ।

प्रस्तुत लोकगीतिकथा कथयिताले श्रोतालाई सुनाउँदा कथाकथन र गीसिंवादको प्रयोग गरेको छ । कथाकथन गर्दा प्रस्तोता घटनाको प्रकृतिअनुसार घरि सानो स्वर र घरि ठुलो स्वरमा सुनाइरहेको छ । कथाका मुख्य दुई पात्र नायक र नायिका बिच भएको गीतिसंवादलाई लयात्मक ढङ्गले सुनाएको छ । प्रेमको मिलनका घटनाहरू सुनाउँदा ऊ प्रफुल्ल देखिन्छ भन्ने विछोड र वियोगका घटनाहरू सुनाउँदा उसका भावभङ्गीहरू शिथिल देखिन्छन् । सहभागीहरूमा कथामा केटा र केटी बिच नदीको वल्लो किनार र पल्लो किनारबाट पे्रमलाप हुँदा यिनीहरूको भेटघाट हुन्छ कि हुँदैन ?, मुग्लानमा आङ्खनो प्रियसी भेट्न गएकी केटीले उसलाई भेट्छ कि भेट्दैन ?, आङ्खनी स्वास्नीको मृत्युको खबरले केटाको अवस्था कस्तो होला ? भन्नेजस्ता कौतूहलपूर्ण भाव देखिन्छन् । यसैगरी उनीहरूमा केटालाई भेट्ने इच्छा हुँदाहुँदै केटीको विवाह अर्कै केटासँग भएको, धन कमाउन जाँदा घरमा स्वास्नीको मृत्यु भएको आदिजस्ता घटना सुन्दा कारुणिक भाव उत्पन्न भएको छ । कथाको कथन मिलन—विछोड, पुनर्मिलन—पुनर्विछोडको घटना घटेर सम्पन्न भएको छ । सहभागीहरूमा क्रमशः संयोग—वियोग—संयोग—वियोगको भाव उत्पन्न भएको छ । केटालाई भेट्न केटी नैनीताल जाँदा मनसरा र धनकुमारीमा लज्जा भाव देखापरेको छ ।

कथनशैली

लोकसामग्री प्रस्तुतिको तरिका नै कथनशैली हो । वाचन गरिएको विषयको भाषिक स्वरूप कस्तो भन्ने कुराको व्याख्या गरिन्छ । यसमा भाषा मानक वा भाषिका के हो ? शैली औपचारिक वा अनौपचारिक कस्तो छ ? भन्ने कुराको व्याख्या गर्नु पर्दछ । लोकसाहित्यका कथनमूलक विधामा भाषाको स्वरूपको व्याख्या गरे पनि प्रदर्शनमूलक विधाहरूमा भाषिक स्वरूपका साथै सहभागीहरूका वेषभूषा, हाउभाउ, वाद्यवाधन आदिको समेत चर्चा गर्नुपर्ने हुन्छ । सन्दर्भवादी पद्धतिमा यो अत्यन्त महत्त्वपूर्ण साधन हो ।

प्रस्तुत लोकगीतिकथाको कथनशैली अनौपचारिक छ । सहभागीहरूमध्ये पदमबहादुरले कथयिताले थाहा नपाउने गरी अभिव्यक्तिलाई(कथा) रेकर्डरमा रेकर्ड गरेका छन् । मकै खोस्याउने काम गर्दै आङ्खना साथीहरू र परिवारका सदस्यलाई अध्यनको सामग्रीको रूपमा नभई मनोरञ्जनका लागि कथियताले कथा सुनाएको छ । यसमा प्रयुक्त भाषिक स्वरूप हेर्दा

नेपाली भाषाको जुम्ली भाषिकालाई प्रस्तुतिको माध्यमको रूपमा लिइएको छ । यसका साथै कथावाचनको बिचबिचमा संवादात्मक गीतिलयको पनि प्रयोग गरिएको छ । यसमा देउडा गीतको गायन गरेर संवादात्मक शैलीमा कथा अगाडि बढेको छ ।

सामाजिक मान्यता

एउटा समाज निश्चित सामाजिक नियममा आबद्ध भएको हुन्छ । प्रस्तुत गरिएको विषयको विश्लेषण समाजका नीतिनियम, आदर्श, मूल्यमान्यता, आस्था, विश्वास, प्रचलन, सामाजिक मान्यता आदिका आधारमा गरिनु पर्छ । नेपाली लोकसाहित्यको सन्दर्भमा पश्चिम नेपालको पुल्ता खेलमा पुरुष सहभागी नभई महिला मात्र सहभागी हुने मान्यता रहेको छ । त्यसैगरी बैज्यालो प्रथामा बैजी (तान्त्रिकले) कुलदेवताको पूजा गर्ने, देवी देउताको वाचाबन्धन सुनाउने आदिजस्ता विधिविधान प्रस्तुत गरेपछि मात्र तन्त्रमन्त्र पूरा गर्दछ । अध्येताले कथ्य विषयको विश्लेषण गर्दा सामाजिक मूल्यमान्यताका सापेक्षतामा गर्नु पर्दछ ।

'मायाझाल' लोकगीतिकथा कथन गरिने पश्चिम नेपालको कर्णाली समाजमा बेलुकीपख 'बात हाल्ने' (कथा सुनाउने) प्रथा सामाजिक प्रचलनका रूपमा रहेको छ । बेलुकी खाना खाइसकेपछि सुखदुःखका कुरा गर्न, अर्को दिन गर्ने कामका बारेमा सल्लाह गर्न, घरमै बसेर गर्ने कामका लागि छिमेकीहरू एकअर्काको घरमा जाने गर्दछन् । त्यस क्रममा घरमा जाँदा कथा सुनाउने, गीत सुनाउने, चुट्किला सुनाउने चलन रहेको पाइन्छ । प्रस्तुत लोकगीतिकथाको कथन सामाजिक प्रचलनको रूपमा र मनोरञ्जन तथा दिनभरको थकाइ मेटाउनका निम्ति भएको छ ।

पाठ्यीकरण

स्थानीय स्रोतबाट सङ्कलित कथाको मूल पाठ यसप्रकार छ :

'मायाझाल' लोकगीतिकथा

एकादेशामा दुईजना छोट्याछोट्टीले 'मायाझाल' लायाका रह्याछन । बर्खामास भोट नुनको बेपार गर्न गयाको रछ । भेडाबाख्रालाई नुन लुकालमा बोकाएर ल्यायाको रछ । केटो गाडवरि भिडिया बाटोमा भेडाबाखख्रा हिंडाल्दो रछ । केटी गाडपरि लुगा धुँदिरैछ । केटीले आङ्खनो दैकन जाक्ना चिनिकन गाडवारिबाट जाक्नाको लामालाई गीतबाट ढुक भनेर भनिन्छ–

केटी : मुगूका धुल्याईला नुन तामपाथाले भद्दो
ढुकिजा कौड्याली लामा दैको दर्शन गद्दो
केटा : दुई भैसी हत्तुवा चाइया बाउँ हातले धुन्याँ
जाक्या" जाक्न हाटी बाइग्या नगर कलि रुन्या

केटीका जियाबुबाले पोइल दिई सक्याका रह्याछन् । अब त्यैं केटीको त्यैं केटाले जाक्नमा जाकेको नुन घर राख्यार फेरी भैंसा खर्क गयोछ । भैंसी धुना रयाछन् । गोठालो लाग्याको रछ । त्यैकी छोट्टी घर साई लाइकन दुईतीन दिनपछि पोइल पठाउन्याँ भयाका रह्याछन् । अब अन्तिममा छुट्टिन्याँ बेला एकचोटि भेट त गन्नु पण्यो भुनिकन खर्क रैबार लाइछ देउणा गीतबाट :

केटी : पारीवन आगो लाग्यो रत्तुवा पटक्क
म पोइल गै जान लाग्याँ भेटीजा चटक्क
केटा : न्याँ हब्रका काला पाल्त बा"जकी बोगिणी
म भेट्न आइजान्याँ छियाँ भैसी भई दोगणी

केटी : तेरी भैंसी दोगणीय भोली छाल धोलाई
लाखको पिरती छट्या धुरु धरु रोल्लाई

छोट्याट्यीका गीतबाट रैबार चल्या मात्त । त्यै केटो खर्कबाट भैंसी छोणिकन घर आयोन । त्यै केटी दुई दिनपछि पोइल बाइगै । त्यो केटो खर्क एक्लै रुँदै बस्यो छ । पछि भैंसी घर सारेर लायाछन् । घर आयापछि उठिया बसिया ठाउँ धेकेर रुन लाग्यो छ । उम्न लाग्यो छ । चित्त बुझाउन नसकिकन बरालिँदै नैनीताल गयो छ । कुल्लीको मेट लाग्यो छ । नापानापा पैसा कमायो छ । पेट पाल्ने, जीउ ढाक्ने उपाया गरिया रह्योछ । घर त्यैकि पुरानी माया लायकी छोट्टी दुईतीन बर्षपछि पोईलबाट माईत आयाकी रैछ । पुराना कुणा सम्झिँदै रुँदै बसिछ । एकदिन आम्नो छोट्या गोठालो लाग्याका भैंसीलाई गीतबाट सोधिछ । मेरो ‘मायाझाल’ काँगो गयो भन्न्याँर :

केटी : नौ साल खाऱ्याको बाटो लुक्की हाँट्टो लामा
तेरी रिती मेरो प्रिती काँगोगो भैंसी आमा ?
भैंसी : साल झान्या सुन्ट्याल्लीका भुरुभऱ्या केश
मेरी रीती तेरो प्रिती बाईगो मुग्लान देश

केटीले भैंसीको गीतबाट त्यै केटाको खबर था पाइछ । मन बुझाउन नसकिकन जैथा दुख्ख भया पुनि अब आफु पुनि त्यै केटा गयाको मुग्लानमा गईजान्या सुर कसिछ र नैनितालको बाटो लागिछ । केटी मान्ठ एक्लै सारै दःख पाइछ । पन्ध्रबीस दिनपछि धौ गरी नैनिताल पुगिछ । हब्र एक डाँणो रैछ । त्यै डाँडामाथि बसिछ । उथा तल बजारजैथो ठउर धेरै मान्ठ कुल्ली काम गद्दा रयाछन । हेरछि, हेरिछ, हेरिछ † केही गऱ्या पुनि आङ्खनो मायाझालको केटो चिनिनछ । उथा त्यै डाँडाबाट गीतबाट भुनिछ :

केटी : गाईको घाँणो खिनिखिनी भैसी घाँणो होलो
कुल्लीका पल्टनभित्त मेरो साइँज्यू कोहो ?

कुल्लीको पल्टनभित्तको अक्को एकजना मान्ठले त्यई केटीकन गीतबाट उत्तर दियोछ ।

कुल्ली : किन्याँले बजार जानू मट्टीतेल सस्तो छ
मुनसुवा कै दिन आईछी तेरो साई कस्तो छ
केटी : लेखम मलेखु खा‘‘दो लेखै लाग्यो रुगा
हात बाला कान मुन्दा बुतनका लुगा

केटीले आम्ना मायाझलका मान्ठलाई मेरो मान्ठ यैथो प्रकारको लुगा, बाला, मुन्दा छन । त्यै मेरो हो भन्न्याँ र चिनाउन्याँ खालका कुडाबाट सबै मान्ठले अब तेरो पिरथी पुनि यहि पुरायापछि बरु हामी सबै जना पैसा उठाउँला र घर गैजाऊ भन्याछन् । पैसा उठाय ती दुईजना आम्नु आम्नु घरतिर फर्केर आयाछन् र घरजम गरेर बस्याछन् । ती दुबैजनाबाट एक छोरो जन्म्योछ । अझ गोठ जान्या भयाकी रैछन् । खान लाउनाका दुःख भयोछ र फेरि नैनीताल जान लाग्योछ । जोईकन सोध्योछ । नैनीतालबाट क्या क्या सामान ल्याईदिउँ भुन भुनी गीतमा भन्योछ–

केटो : एक छोरो छ, भाउकी आमा एक, मोलिक्या हुन्छ
हाटबाट क्या ल्याईलिउँला छुट्टिदा मन रुन्छ
केटी : हाट झान्या दाजुभाईका डोकी हाल्यौ चौठी
मकन साकनको चोली बालाकन पौठी

पोईले नैनीताल सबैसात्यासग“ छाला, काम्लोसामल, तुमल, कुम्लो गरिकन छकालबेल्टी माल्याका चार पहरमा हिँडयोछ। पोई नैनितालमा बाहृतेह्र दिनपछि पुग्योछ। घरमा आठनौ दिनपछि त्यईकि जोई सुत्क्यारी हुँदा छोरी जन्मिछ तर छोरी भुई फालीछ। आफु पनि त्यैं नानी काल मरिगइछ। त्यै टोक्या छारीकन अरु आइमाईका दूध ख्वायइँकन पाल्याछन्। देवरले भाउजुको काजत्रिया सबै गऱ्योछ। त्यैं टोक्या छोरी काख च्यापिकन दाजुका खोजी गर्न नैनीताल गयोछ। बाटौंदो बिम्पत पायोछ। बल्लतल्ल नैनीताल पुग्योछ। आम्ना दाजुकन भेट्योछ। दाजुभाइले रुवाबासी गऱ्याछन र दाजुले गीतबाट भाइकन यसरी खबर सोध्योछ :

दाजु : गाणघट्टकी ठाण पुदाली कोद्या पिन्यो घन्की
घरौंदाका तालाबाला भाउअ निका छन् कि
भाइ : राता काठ सेता काठ बन्या जेउड्या खाट
दाजु तुम्मी पियारीलाई हाली आयाँ काठ
दाजु : लालहिरा मरगिइ भुन्या दुमाया बजाउँला
हात बाला कान मुन्दा उई जुनी सजाउँला

यसरी यी दुई दाजुभाइले दुख्ख पोख्या छन दाजुकी जोई सुत्क्यारी हुँन्या बेला मरिछ। टुहुरि छोरी भाइले नैनीतालमा ल्याउँदा जिन्दगीभरी दुख्खै दुख्ख भयाको कुणा सम्झेर रोयर बस्या। अलिअलि कुमाइ ल्याएर घर फर्केर आयाछन्।

पाठमा भएका कथ्य भाषाका जटिल शब्दको अर्थ

कथ्य भाषा —	मानक नेपाली	कथ्य भाषा — मानक नेपाल
यैथा –	यस्तो	कुडा – कुरा
गोठ जान्या –	सुत्केरी हुने	पुदाली – पँदालो
मायाझाल –	मायाजाल	लुकाल – भेडाको भारि बोक्ने साधन
गाडवरि –	नदी वारि	दैकन – मायालुलाई
ढुक –	पर्खे	गद्दो – गर्दो
हत्तुवा –	एकहाते दुहुनु	कलि – प्रमिका
धुना –	दुहुनु	छोट्टी – केटी
रैबार –	खबर	हब्र – माथि
बोगिणी –	बोक्रा	दोगणी – एक छाक वस्तु दुहुन छोड्नु
मान्ठ –	मान्छे	साइँज्यू – मायालु

विधा

लोकसाहित्यशास्त्रका नियमका आधारमा प्रस्तुत गरिएका विषयसामग्रीको विधा के हो भन्ने कुरा यस शीर्षकमा प्रस्ट पार्नु पर्दछ। नेपाली लोकसाहित्यका सन्दर्भमा सोको विधा लोककथा, लोकगीत, लोककविता, लोकगाथा, गाँउखाने कथा आदिमध्ये कुन हो ? सो उल्लेख गर्नु पर्दछ। लोकसाहित्य परिर्तनशील र मौलिक साहित्य भएकोले एउटा समय र ठाउँमा एउटा विधाअन्तर्गत पर्ने लोकसामाग्री अर्को समय र ठाउँमा अर्कै विधाको रूपमा पनि स्थापित भएको हुन सक्छ। अध्येता यस्ता कुराको गहन अवलोकन र विश्लेषणबाट निष्कर्षमा पुग्नु पर्दछ। 'हुडक्याउली' लाई कतै लोकगाथा भनिन्छ भने कतै लोकनृत्य भन्ने गरिन्छ।

हाइम्सको सम्पादन सिद्धान्त मौलिक भाषिक विषयको विश्लेषणका लागि तयार पारिएको सिद्धान्त हो। यो सिद्धान्त लोकसाहित्यका सबै विधाको अध्ययनका लागि उपयोगी छ। त्यसैले यो पद्धतिलाई नेपाली लोककथाको सन्दर्भपरक

प्रस्तुतिको अध्ययनमा प्रयोग गरिएको छ । 'मायाझाल' लोकगीतिकथा लोकसात्यिको लोककथा विधाभित्र पर्दछ । यो लोकगीतिकथामा लोकका सुखदुःख, उकालीओराली, मायाप्रेम ,रोदनक्रन्दन, कथाकहानी आदि विषयको कौतूहल र कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यो एक गरिबको पीडा र मिलन—विछोडको कथा हो भन्न सकिन्छ ।

निष्कर्ष

लोकसाहित्यिक विधाहरूको जीवन्त अध्ययनका लागि पाठको मात्र नभई सन्दर्भको पनि अध्ययन गर्नु पर्दछ भन्ने मान्यता सन्दर्भवादी पद्धतिले आत्मसात गर्छ । लोकसाहित्यको सामग्री सङ्कलन गर्दा अनुसन्धाता स्वयम् सम्बन्धित ठाउँमा उपस्थित हुनुपर्छ र सङ्कलित सामग्रीको स्थानीय भाषा, कलासंस्कृति, विश्वास, मूल्यमान्यता, परिवेश, दृष्य, शैली, सहभागी, सामाजिक रीतिथितिका आधारमा विश्लेषण गरिनु पर्छ अनि मात्र अध्ययनमा सत्यता र सजीवता आउन सक्छ भन्ने मान्यता बोकेको एक क्षेत्रीय भ्रमणमा आधारित पद्धतिलाई कार्यसम्पादन पद्धति भनिन्छ । स्थानीय सन्दर्भसहित लोकसामग्रीको विश्लेषण गर्ने पद्धति भएकाले यसलाई वैज्ञानिक पद्धतिको रूपमा लिइन्छ । यो पद्धतिको आधारमा प्रस्तुत 'मायाझाल' लोकगीतिकथाको विश्लेषण गरिएको छ । यो लोकगीतिकथा कर्णाली प्रदेशको माल्कोट गाउँमा बेलुकीको समयमा प्रस्तोले अन्य सहभागीलाई मनोरञ्जन प्रदान गर्न र थकान मेटाएर सरल ढङ्गले काम सम्पन्न गराउने उद्देश्यले प्रस्तुत गरेको छ । स्थानीय कथ्य नेपालीको प्रयोग भएको यो लोकगीतिकथा देउडा गीतिसंवादका माध्यमबाट अनौपचारिक वातावरणमा कथाको भावानुसार स्वर र हाउभाउ प्रकट गरेर मुख्य प्रस्तोताले कथन सम्पन्न गरेको छ । यसको स्वरूपलाई हेर्दा यो लोककथा विधाभित्र पर्दछ भन्न सकिन्छ ।

सन्दर्भसामग्रीसूची

न्यौपाने, कृष्णप्रसाद, (२०७५), 'दशावतार वालुनको सन्दर्भपरक विश्लेषण', *नेपाली लोकवार्ता* ५, लोकवार्ता परिषद् ।

पराजुली, मोतीलाल (२०६५), 'कथनको जातितत्त्व पद्धतिका आधारमा मैते लामा र कुन्टा बोक्सी लोककथाको विश्लेषण', *लोकसंस्कृति*, ४ : १, पृ. १–१४ ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य*, एकता प्रकाशन ।

भट्टराई, धुरवप्रसाद, (२०७२), 'सन्दर्भवादी पद्धतिका आधारमा लोक कूटपद्यको विश्लेषण', *नेपाली लोकवार्ता* भाग २, भृकुटी एकेडेमी पब्लिकेसन्स ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य*, विद्यार्थी पुस्तक भण्डार ।

Hymes, Dell. (1962). *The Ethnography of Speaking,* T.G.Iandwin and W.C.Sturtevanteds. Anthropology and Human Behavour ,Washington D.C.

Hymes, Dell. (1974). *Fonundation in Sociolingustics : An Ethnographic Approach,* Tavistock press.